# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १७ ] काठमाडौं, भाद्र २ गते २०२४ साल [ अतिरिक्ताङ्क २२

श्री ५ को सरकार

### कानून तथा न्याय–मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

### २०२४ सालको ऐन नं. ११

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परमनेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समरविजयिनाम् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ को सरकारको अर्थ सम्बन्धी प्रस्तावहरूलाई कार्यान्वित गर्न बनेको ऐन

प्रस्तावना:– श्री ५ को सरकारको अर्थ सम्बन्धी प्रस्तावहरूलाई कार्यान्वित गर्न केही कर, महसूल, पोत र दस्तूर लगाउन तथा लगाई राखेकोलाई चालू राख्न र हेरफेर गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ:– (१) यस ऐनको नाम "आर्थिक ऐन, २०२४" रहेको छ ।

(२) यो ऐनका दफा १, दफा २, दफा ३ र दफा ५, २०२४ साल आषाढ २५ गते देखि र अरू दफाहरू, २०२४ साल श्रावण १ गते देखि प्रारम्भ हुनेछन् ।

२. भन्सार महसूल:– आर्थिक वर्ष २०२४।२५ संम अनुसूची १,२,३,४ र ५ मा लेखिएको नेपाल अधिराज्यबाट विदेशमा निकासी हुने र विदेशबाट नेपाल अधिराज्य भित्र पैठारी हुने माल वस्तुहरूमा सोही अनुसूचीहरूमा लेखिए बमोजिम भन्सार महसूल लगाइने र असूल उपर गरिने छ ।

३. बिक्री कर:–आर्थिक वर्ष २०२४।२५ संम अनुसूची ६ मा लेखिए बमोजिम बिक्री कर लगाइने र असूल उपर गरिनेछ ।

४. मालपोत:– आर्थिक वर्ष २०२४।२५ मा आर्थिक ऐन, २०२३ बमोजिम मालपोत लगाइने र असूल उपर गरिने छ ।

५. रजिष्ट्रेशन दस्तूर:– आर्थिक वर्ष २०२४।२५ संम अनुसूची ७ बमोजिम रजिष्ट्रेशन दस्तूर लगाइने र असूल उपर गरिनेछ ।

६. विदेशी लगानीमा कर:– आर्थिक वर्ष २०२४।२५ मा आर्थिक ऐन, २०२३ बमोजिम विदेशी लगानी कर लगाइने र असूल उपर गरिने छ ।

७. हवाई उडान कर:– आर्थिक वर्ष २०२४।२५ मा आर्थिक ऐन, २०२३ बमोजिम हवाई उडान कर लगाइने र असूल उपर गरिनेछ ।

८. पानी कर:– आर्थिक वर्ष २०२४।२५ मा आर्थिक ऐन, २०२३ बमोजिम पानी कर लगाइने र असूल उपर गरिनेछ ।

तर, काठमाडौं जिल्लामा भने अनुसूची ८ बमोजिम पानी कर लगाइने र असूल उपर गरिनेछ ।

९. पानी पोत:– आर्थिक वर्ष २०२४।२५ मा आर्थिक ऐन, २०२३ बमोजिम पानी पोत लगाइने र असूल उपर गरिने छ । ३६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. आय टिकट दस्तुरः– आर्थिक वर्ष २०२४।२५ मा आर्थिक ऐन, २०२३ बमोजिम आय टिकट दस्तुर लगाइने र असूल उपर गरिने छ।

११. आय करः– (१) आर्थिक वर्ष २०२४।२५मा अनुसूची ६ बमोजिम आय कर लगाइने र असूल उपर गरिनेछ।

(२) लेखा परीक्षण पेशा, इन्जिनियरिङ्ग पेशा र अन्य पेशाहरूलाई क्रमशः ४०।२५।१० प्रतिशतका दरले छूट दिई आएकोमा अब यस्ता पेशालाई छूट दिइने छैन। पेशावालाहरूले आफ्नो रीत पूर्वकको हिसाव पेश गर्नु पर्छ र पेशा सञ्चालनमा लागेको खर्च मिन्हा दिई बाँकीमा प्रचलित कानून बमोजिम आय कर निर्धारण गरी असूल उपर गरिने छ।

तर

(१) विदेशस्थित फिल्मवितरकहरूलाई निजहरूले नेपाल स्थित सिनेमा हलवालाहरूबाट खूद पाउने रकममा मात्र ४० (चालीस) प्रतिशतका दरले कर लगाइने र असूल उपर गरिनेछ।

(२) मुनाफा गर्ने उद्देश्यले नेपाल कानून बमोजिम रजिष्टर्ड भएका वा नभएका फर्म (संस्था) वाहेक संगठित संस्थाले गरेको वार्षिक खूद मुनाफा (आय) मा आर्थिक ऐन, २०२३ बमोजिम नै आय कर लगाइने र असूल उपर गरिने छ।

१२. शहरी क्षेत्रको घर जग्गामा करः–, आर्थिक वर्ष २०२४।२५ मा शहरी क्षेत्रको घर जग्गामा आर्थिक ऐन, २०२३ बमोजिम वार्षिक कर लगाइने र असूल उपर गरिने छ।

१३. घर जग्गा बहाल करः– आर्थिक वर्ष २०२४।२५ मा आर्थिक ऐन, २०२३ बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल उपर गरिने छ।

१४. ठेक्का करः– आर्थिक वर्ष २०२४।२५ मा आर्थिक ऐन, २०२३ बमोजिम ठेक्का कर लगाइने र असूल उपर गरिने छ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८७

# भन्सार दरबन्दी

## अनुसूची–१

गणतन्त्र चीनको तिब्बती क्षेत्र बाहेक अन्य मुलुकहरूमा
नेपाल अधिराज्यबाट निकासी हुने माल-वस्तुहरूको
भन्सार–दरबन्दी

| संकेत नम्बर | माल वा वस्तुको नाम | इकाई | निकासी महसूल दर |
|---|---|---|---|
| | ००१ जीवित जीव-जन्तु (मासु खान हुने) | | |
| ००१–०११ | रांगा | प्रत्येक | रु. १२। |
| ००१–०१२ | पाडा पाडी | ” | ५। |
| ००१–०२१ | भेंडा | ” | ३। |
| ००१–०२२ | भेंडाको पाठापाठी | ” | १। |
| ००१–०३१ | बंदेल | ” | ११। |
| ००१–०३२ | सुंगुर | ” | ५। |
| ००१–०३३ | सुंगुरको बच्चा | ” | २। |
| ००१–०४१ | कुखुरा, हांस | ” | ।२५ |

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ००१-०४२ | गिनिफाउल | प्रत्येक | रु. | ।५० |
| ०११-०४३ | परेवा | ” | | ।१० |
| ००१-०४४ | टर्की | ” | | १।५० |
| ००१-०४९ | अरू घर पाल्तु चरा अन्यत्र नपरेको | मो. प्र. श. | | ३ |
| ००१-०६०१ | कालिज, लुइंचे, तित्रा, प्यूरा, च्याखुरा, चिर्लिंगे | प्रत्येक | रु. | ।७५ |
| ००१-०६०२ | बट्टाइ | ” | | ।०५ |
| ००१-०६०३ | मलेवा (जङ्गली परेवा), ढुकुर | ” | | ।१० |
| ००१-०६०४ | डाँफे, मोहनलाल | ” | | २५। |
| ००१-०६०५ | अरू जङ्गली चरा अन्यत्र नपरेको | मो. प्र. श. | | ३ |
| ००१-०६०६ | खसी | प्रत्येक | रु. | ५। |
| ००१-०६०७ | बाख्रा, बोका | ” | | ३। |
| ०११-०६०८ | च्यांग्रा | ” | | ३।५० |
| ००१-०६११ | मृग, घोरल, थार, चित्तल, जरायो | ” | | १५। |
| ००१-०६१२ | नाहुर | ” | | १५। |
| ००१-०६१६ | अरू जीवित जीवजन्तु (मासु खान हुने अन्यत्र नपरेको ) | मो. प्र. श. | | ३ १/४ |

### ६२१ जीवित जीवजन्तु ( मासुखान नहुने )

| | | | | |
|---|---|---|---|---|
| ६२१-०११ | घोडा, घोडी, खच्चर | प्रत्येक | रु. | १२। |
| ६२१-०१२ | गदाहा | ” | | ६। |
| ६२१-०१३ | टट्टू ( भारी बोकने घोडा ) | ” | | ६। |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ९२१-०१३ | गाई, गोरू | प्रत्येक | रु. | ५१ |
| ९२१-०९१४ | ऐ का बाछा बाछी | ” | | २१५० |
| ९२१-०९३ | भालु | ” | | १०१ |
| ९२१-०९४ | हात्ती | ” | | १००१ |
| ९२१-०९५ | बाघ जात गैंह्र | ” | | ७५१ |
| ९२१-०९६ | सुगा | ” | | १२५ |
| ९२१-०९७ | बाज जात गैंह्र | ” | | ५१ |
| ९२१-०९८ | चिल | ” | | १८० |
| ९२१-०९९ | अरू जीवित जीवजन्तु ( मासु खान नहुने अन्यत्र नपरेको ) | मो प्र. श. | | ५ |
| ९२१-०९२३ | भैंसी | प्रत्येक | रु. | १०१ |
| ९२१-०९९१ | बांदर | ” | | ५१ |
| ९२१-०९९२ | कछुवा | ” | | १२० |
| ९२१-०९१५ | चौंरी | ” | | ११ |
| ९२१-०९१६ | ऐ का बाछाबाछी | ” | | ११ |
| ९२१-०९१७ | झोपा | ” | | १५० |
| ९२१-०९१८ | लुसुवा गाई | ” | | १५० |
| ९२१-०९९४ | कुकुर | ” | | ३१ |

## ०१२ सुकुटी मासु सबै किसिमको

| | | | | |
|---|---|---|---|---|
| ०१२-०९ | सुकुटी मासु सबै किसिमको (गाई, गोरुको बाहेक) | प्रति किलोग्राम | रु. | १० |

348

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## ०१३ दिनमा पेक गरेको मासु र मासुबाट बनेका परिकार (गाई गोरुको बाहेक)

| | | | |
|---|---|---|---|
| ०११– | मासु (आलो) पैक नगरेको | | माफी |
| ०१३–०२ | दिनमा पेक गरेको मासु र मासुबाट बनेका परिकारहरू (गाई, गोरुको बाहेक) | मो. प्र. श. | ३० |
| ०१३–०६ | मासुको रस (एसेंस) | " | ४० |

## २९ जीवजन्तुका कच्चा पदार्थ (हाड सिंग आदि)

| | | | |
|---|---|---|---|
| २९१–०११ | हाड | प्रति किलोग्राम | रु. १०१½ |
| २९१–०१२ | हस्तीदांत | " | २।७० |
| २९१–०१३ | जरायोको सिंग, अरनाको सिंग | प्रत्येक | रु. १०। |
| २९१–०१४ | गैंडाको सिंग (खाग) | प्रति किलोग्राम | रु. ५३५।८० |
| २९१–०१५ | गाई गोरु, भैंसी जातका वस्तुको सिंग | " | १०४ |
| २९१–०१६ | लेखिएदेखि बाहेक अरू जातका सिंगहरू | " | १०४ |
| २९१–०१७ | गैंडाको खुर, बाघको हाड | " | ५।३६ |
| २९१–०१८ | बाघ चितुवाको नंग्रा, दांत | मो. प्र. श. | १० |
| २९१–०१९ | नंग र अरू यस्तै किसिमका पदार्थ अन्यत्र नपरेको | " | ५ |
| २९१–०९१ | सुंगुरको जगर | प्रति किलोग्राम | रु. ।८० |
| २९१–०९२ | चराको प्वांख | मो. प्र. श. | १० |
| २९१–०९३ | प्राकृतिक कस्तूरी | प्रत्येक बिना | रु. १६। |
| | | वा प्रति तोला | रु. १०। जुन बढी हुन्छ। |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| २९१-०९४ | भालुको पित्त | प्रत्येक रु. | ३। |
| २९१-०९९ | जीवजन्तुको अरू पदार्थ अन्यत्र नपरेको | मो. प्र. श. | १० |

## ४१ जीवजन्तुको बोसो र तेल तथा वनस्पति

| | | | |
|---|---|---|---|
| ४११-०१ | माछा र समुद्री जीवजन्तुको तेल | " | ५ |
| ४११-०२१ | भालुको बोसो | प्रति किलोग्राम रु | १।६० |
| ४११-०२२ | सुंगुरको बोसो र अरू जीवजन्तुको तेल र बोसो अन्यत्र नपरेको | " | ।२७ |

## २१ कांचो छाला सबै जीवजन्तुको भुवादार समेत

| | | | |
|---|---|---|---|
| २११-०१ | गाई, गोरू, रांगा, भेंसी, चंवरी, लुसुवा, झोपाको कांचो छाला | थान १ को रु. | १।२५ |
| २११-०२ | ऐ का बाछा बाछी, पाडा पाडीको कांचो छाला | " | १। |
| २११-०३ | भेंडा, बाख्रा, बोका, खसी, च्यांग्रा र तिनका पाठा पाठीको कांचो छाला | " | ।६३ |
| २११-०९१ | गेंडाको कांचो छाला | प्रति किलोग्राम रु. | १६। |
| २११-०९२ | गोहीको कांचो छाला | थान १ को रु. | ४५। |
| २११-०९२१ | छेपारो र धामन सर्पको कांचो छाला | " | ।५० |
| २११-०९२२ | सर्पको कांचो छाला अन्यत्र नपरेको | " | ।४५ |
| २११-०९३ | सुंगुरको कांचो छाला | " | ६। |
| २११-०९९ | अरू किसिमको कांचो छाला अन्यत्र नपरेको | " | ३। |
| २१२-०११ | अस्ट्राखान, काराकुल, ब्राडटेल, परसियन लेम्ब आदि जीवजन्तुको भुवादार छाला | " | १२। |
| २१२-०१२ | बाघको र चितुवाको कांचो छाला | " | ४५। |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| २१२–०१४ | भालुको कांचो छाला | थान १ को रु. | १३।५० |
| २१२–०१३ | मृग, बराठ, झारल, नाहुर र कस्तूरी मृग, सांवर, चित्तल, जरायोको कांचो छाला | " | १५। |
| २१२–०६ | अरू भुवादार कांचो छाला अन्यत्र नपरेको | मो. प्र. श. | १५ |
| | ६१ तयारी छाला र तयारी भुवादार छाला तथा तिनबाट बनेका मालसामान अन्यत्र नपरेको (जुत्ता, लुगा, बेग, हैण्ड बेग, सुटकेश र फर्निचरहरू बाहेक) | | |
| ६११–०११ | (क) गाई, गोरु, रांगा, भैंसी, चंवरी, लुसुवा, झोपाको तयारी छाला | थान १ के रु. | १।२५ |
| " | (ख) ऐ का बाछा बाछी, पाडा पाडीको तयारी छाला | " | १। |
| " | (ग) भेंडा, बोका, बाख्रा, खसी, च्यांग्रा र तिनका पाठा पाठीको तयारी छाला | " | ।६३ |
| " | (घ) सांवर, कस्तूरी मृग, मृग, चित्तल, जरायो, नाहुर, बराठ, झारलको तयारी छाला | " | १५। |
| " | (ङ) भालूको तयारी छाला | " | १३।५० |
| " | (च) मोहन लाल, डाँफेको तयारी छाला | " | ३। |
| ६११–०१२ | बाघ, चितुवाको तयारी छाला | " | ४५। |
| ६११–०१२२ | छेपारो र धामन सर्पको तयारी छाला | " | ।५० |
| ६११–०१२१ | सर्पको तयारी छाला अन्यत्र नपरेको | " | ।४५ |
| ६११–०१३ | गैंडाको तयारी छाला | प्रति किलोग्राम रु. | १६। |
| ६११–०१३१ | गोहीको तयारी छाला | " | १६। |
| ६११–०१४ | भोलको तयारी छाला | थान १ के रु. | ३। |
| ६११–०१६ | लेखिएदेखि बाहेक अरू तयारी छाला | " | ३। |
| ६११–०२ | पुर्नर्निमित र नक्कली तैयारी छाला | " | ३। |
| ६१२–०१ | मेसिन कलमा राख्ने छालाको लोता र मेसिन कलमा प्रयोग हुने अरू छालाको चीजहरू | मो. प्र. श. | १ |
| ६१२–०२ | काठी र घोडा वा पशुहरूको साज | " | १ |

329

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

| | | | |
|---|---|---|---|
| ६१२–०१९९ | छालाबाट तयार भएका मालसामानहरू अन्यत्र नपरेको | मो. प्र. दा. | ३ |
| ६१३–०११ | तयारी भुवादार छाला ड्रेस गरेको र रङ्गाएको नक्कली भुवादार छाला समेत | ” | ५ |
| ६१३–०१२ | चमरीको पुच्छर | थान १ के रु. | १। |

०३१ माछा र माछाका परिकार (ताजा वा सुकाएको)

| | | | |
|---|---|---|---|
| ०३१–०१ | ताजा माछा | प्रति किलोग्राम रु. | ।११ |
| ०३१–०२१ | सुकुटी माछा | ” | ।२७ |
| ०३१–०२२ | सिद्रा | ” | ।०६ |

०३२ माछा र माछाबाट बनेका परिकार (टिनमा पेक भएको समेत)

| | | | |
|---|---|---|---|
| ०३२–०१ | टिनमा पेक भएको सबै किसिमका माछा वा माछाबाट बनेका परिकारहरू | मो. प्र. दा. | ४० |

०२२ सुकाएको अथवा गाढा (कन्डेन्स) पारेको दूध र मलाही

| | | | |
|---|---|---|---|
| ०२२–०१ | सुकाएको अथवा गाढा पारेको दूध, मलाही टिनपेक गरिएको समेत | ” | ५ |
| ०२२–०२ | सुखा दूध अथवा मलाही (धूलो गरिएको) | ” | ५ |
| ०२२–०३ | दूध ताजा पेक नगरेको | ” | ५ |
| ०२२–०४ | दही र मही | ” | ५ |

०२३ घ्यू, मखन, नौनी

| | | | |
|---|---|---|---|
| ०२३–०११ | घ्यू | प्रति किलोग्राम रु. | ।१५ |

मुद्रण विभाग, सिंहदरबार

322

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।